# स्थानीय राजपत्र

हरिनास गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ८ चित्रेभञ्ज्याङ, स्याङ्गजा, जेष्ठ १० गते, २०८१ संख्या : ६


## भाग २

स्थानीय सरकार

हरिनास गाउँपालिका

चित्रेभञ्याङ्ग, स्याङ्गजा गण्डकी प्रदेश, नेपाल

**हरिनास गाउँपालिकाद्वारा सर्वसाधारणको लागि प्रकाशित सूचना ।**

**हरिनास गाउँकार्यपालिकाले आवधिक रोजगार रणनिति २०८१।२०८२ देखि २०८५।२०८६ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

## आवधिक रोजगार रणनीति

**आ.व. २०८१/०८२-२०८५/०८६ सम्म**

### परिच्छेद-१

### परिचय १.१

### पृष्ठभूमि

नेपालको संविधानको मौलिक हक र कर्तव्य अन्तर्गत धारा ३३ मा रहेको रोजगारीको हकलाई कार्यान्वयन गर्न नेपाल सरकारले रोजगारीको हक सम्बन्धी

ऐन, २०७५ जारी गरेको छ। ऐनको दफा ८ को उपदफा (१) मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले आवश्यक रोजगार कार्यक्रम सञ्चालन गर्न सक्ने प्रावधान रहेको र उपदफा(३) ले प्रदेश सरकार तथा स्थानीय तहले आवश्यक रोजगार कार्यक्रम संचालन सम्बन्धि अन्य व्यस्था तोकिए बमोजिम हुने व्यस्था गरेको छ । रोजगारीको हकलाई कार्यान्वयन गर्न उपलब्ध जनशक्तिको परिचालनको लागि मुलुक भित्र रोजगारीको सिर्जना गरी संघ, प्रदेश र स्थानीय तहको साझा कार्यक्रमको रुपमा प्रधानमन्त्री रोजगार कार्यक्रम तजुर्मा गरिएको हो । रोजगारीको हकलाई कार्यान्वयन गर्ने तथा आन्तरिक रोजगारी प्रवर्द्धनका विविध पक्षहरुलाई समेत समावेश गरी नेपाल सरकार मन्त्रिपरिषद्ले मिति २०७५/१०/२५ मा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ स्वीकृत गरेको थियो। श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धि रणनीति २०७८ बमोजिम सबैले काम पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक, आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष, व्यवसायिक बनाउने र स्वदेशमानै रोजगारी अभिवृद्धि गर्ने तथा मर्यादित श्रम सबै श्रम शोषणको अन्त्य गर्ने लगायत वैदेशिक रोजगारीबाट आर्जन भएको पूंजी, सीप, प्रबिधि र अनुभवलाई स्वदेशमा उत्पादनमुलक क्षेत्रमा परिचालन गर्न प्रोत्साहन गर्ने लक्ष्य लिएको छ । वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, नियमित र मर्यादित बनाउने तथा सीपयुक्त जनशक्तिको विकास गरी रोजगारी र स्वरोजगारी प्रवर्द्धन गर्दै उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्य श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट सम्पादन हुँदै आएको छ । श्रम तथा रोजगार क्षेत्रलाई व्यवस्थित गर्ने उदेश्यले नेपालमा वि.सं.२०२८ सालमा उद्योगमन्त्रालय अन्तर्गत श्रम विभाग स्थापना भएको पाइन्छ। श्रम विभाग स्थापनाको एक दशक पछि वि.सं. २०३८ सालमा श्रम तथा समाजकल्याण मन्त्रालयको स्थापना भई यसै अन्तर्गत श्रमविभाग रहको थियो। वि.सं. २०५२ सालमा समाज कल्याण सम्बन्धी विषय अलग गरी श्रममन्त्रालय मात्र कायम भएकोमा वि.सं. २०५७ सालमा यातायात व्यवस्थापनको कार्य समेत थपगरी श्रम तथा यातायात मन्त्रालयको रुपमा कार्यसम्पादन गरेको पाइन्छ । वि. सं. २०६९ सालमा मन्त्रालयको कार्यक्षेत्र पुनः हेरफेर भई श्रम तथा रोजगार मन्त्रालय स्थापना गरीयो। नेपालको संविधान अनुरुप राज्य पुनः संरचना गरी संघीय व्यवस्था कार्यान्वयन गर्ने क्रममा प्रशासनिक संरचनामा फेरवदल हुँदा वि.सं. २०७४ चैत्र ३ मा मन्त्रालयको

कार्यक्षेत्र पुनःपरिमार्जन भई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा रुपान्तरित भएको छ ।

**१.१.१ रोजगार सेवा केन्द्रको कार्यक्षेत्र रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को दफा ६ बमोजिम रोजगार सेवा केन्द्रको कार्यक्षेत्र देहायबमोजिम रहेको छ ।**

(क) स्थानीय तहभित्र रहेका बेरोजगार व्यक्तिको तथ्यांक संकलन तथा विश्लेषणगरी बेरोजगारको सूची अद्यावधिक गर्ने,

(ख) सूचीकृत बेरोजगार व्यक्तिलाई परिचयपत्र वितरण गर्ने,

(ग) स्थानीय तहभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गर्ने,

(घ) स्थानीय तहभित्रको रोजगारीको सम्भाव्य स्थिति विश्लेषण गरी रोजगारीको तथ्यांक संकलन गर्ने, रोजगार नक्सांकन गर्ने तथा रोजगारीका अवसरको अभिलेखांकन गर्ने,

(ङ) रोजगारदाताका लागि श्रमिकको उपलब्धताको सम्भाव्यता जानकारी गराउने,

(च) रोजगारदाताबाट माग भए बमोजिम सुचिकृत बेरोजगार व्यक्तिलाई रोजगारीका लागि काममा जान सूचित गर्ने,

(छ) बेरोजगारहरुको ज्ञान, सीप, योग्यता, अनुभव, र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा सिफारिस गर्ने,

(ज) आफ्ना कामकारवाहीको बारेमा नियमित रुपमा सम्बन्धित गाउँ कार्यपालिका तथा नगर कार्यपालिकामा प्रतिवेदन पेशगर्ने,

(झ) ऐन तथा यस नियमावली बमोजिम आफूले गरेका काम कारबाहीको सम्बन्धमा मन्त्रालयले तोकेको ढाँचामा मन्त्रालय र प्रदेशको रोजगारी सम्बन्धी विषय हेर्ने मन्त्रालयमा मासिक रुपमा प्रतिवेदन पठाउने,

(ञ) आफनो कार्यक्षेत्र भित्रबाट वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुका लागि सूचना सम्प्रेषण गर्ने,

(ट) वैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराइने आर्थिक सहायता वितरण सम्बन्धी कार्यमा सहयोग पुर्याउने,

(ठ) बेरोजगार परिवारलाई प्रदान गर्ने निर्वाह भत्ता वितरण गर्ने,

(ठ१) सम्बन्धित स्थानीय तहमा रोजगारी तथा स्वरोजगारी सम्बन्धी कार्य गर्ने, अन्य सरकारी निकाय वा त्यस्ता निकायद्वारा सञ्चालित कार्यक्रमसँग समन्वय र सहकार्य गर्ने,

(ड) रोजगार सम्बन्धी सरोकारवालालाई अन्य सेवा प्रदान गर्ने ।

**१.१.२ विद्यमान नीतिगत तथा कानूनी व्यवस्था**

क. संवैधानिक व्यवस्था नेपालको संविधानको अनुसुची ५, ६, ७, ८ र ९ मा तीनवटै तहका सरकारको अधिकारको सूची छ। मन्त्रालयको अधिकार मध्ये सामाजिक सुरक्षालाई संघको एकल अधिकार, संघ र प्रदेशको साझा अधिकार साथै संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा राखिएको छ । रोजगारी र वेरोजगार सहायता, औद्योगिक विवाद समाधान, ट्रेड युनियन, श्रमिकका हक अधिकार र विवाद सम्वन्धी कार्य संघ र प्रदेशको साझा अधिकार रहेका छन् । संविधानको धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रमको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ । धारा ३३ मा प्रत्येक नागरिकलाई छनौटको अवसर सहितको रोजगारीको हक हुने कुरा उल्लेख छ । धारा ३४ मा प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक, उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकको साथैकानून बमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउनेहकको संवैधानिक व्यवस्था गरिएको छ। त्यसैगरी नेपालको संविधानको धारा ४३ मा सामाजिक सुरक्षाको हकमा आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका असहाय एकल महिला, अपाङ्गगता भएका, वालवालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने उल्लेख गरिएको छ । नेपालको संविधानको धारा ५१ (न) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा राज्यले असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा

प्राथमिकता दिंदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने, सामाजिक सुरक्षा सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने संवैधानिक व्यवस्था रहेको छ । संविधानको धारा ५१ (झ) मा श्रम तथा रोजगार सम्बन्धी नीतिमा राज्यले सबैले काम गर्न पाउनेअवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक, आर्थिक शक्तिको रुपमा रहेको श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, मर्यादित श्रमको अवधारणा अनुरुप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, बालश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने नीति रहेको छ। त्यसैगरी, श्रमिक र उद्यमी व्यवसायीबीच असल सम्बन्ध कायम गर्दै व्यवस्थापनमा श्रमिकको सहभागिता प्रोत्साहन गर्ने, वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने साथै वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति रहेको उल्लेख गरिएको ।

**ख. नीतिगत तथा कानूनी व्यवस्था**

प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न, आफ्नो क्षमता अनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गर्न तथा रोजगारीको शर्त, अवस्था तथा वेरोजगार सहायता सम्बन्धमा आवश्यक व्यवस्था गर्न रोजगारीको हक सम्बन्धी ऐन र नियमावली, २०७५ तर्जुमा भई कार्यान्वयनमा रहेको छ । उल्लिखित ऐन तथा नियमावलीको अधिनमा रही रोजगारीका अवसरहरुबाट बञ्चित नागरिकहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नेउद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन भइरहेको छ । नेपालमा उपलब्ध श्रमशक्तिलाई प्रतिस्पर्धी बनाउँदै सक्षम श्रम बजारको माध्यमद्वारा उत्पादनशील, मर्यादितर सुरक्षित

रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सवल र गतिशिल बनाउँदैगरिवी निवारणमा योगदान गर्ने दुरदृष्टि सहित राष्ट्रिय रोजगार नीति, २०७१ कार्यान्वयनमा रहेको छ। पन्ध्रौ योजना (आ.ब. २०७६/७७-२०८०/८१) ले सवै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसरको उपलब्धता गराउने सोचका साथै उत्पादनशील क्षेत्रमा रोजगारी अभिबृद्धि गरी बेरोजगारी दर तथा श्रमको अल्प उपयोगमा उल्लेखनीय रुपमा कमी ल्याउने लक्ष्य राखेको, उल्लिखित लक्ष्य हाँसिल गर्न स्थानीय तह देखि रोजगार कार्यक्रमलाई विस्तार गरी न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने, विद्यमान श्रम तथा रोजगार सम्बन्धी कानूनहरुको प्रभावकारी कार्यान्वयन गर्ने । सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ र नियमावली, २०६५ ले मुलुकको सार्वजनिक प्रशासनलाई पारदर्शी, जवाफदेही, जनमूखी, समावेशी र जनसहभागिता मूलक बनाउने सम्बन्धमा विविध व्यवस्था गरेको छ। नेपालमा श्रमिकको सुरक्षा, स्वास्थ्य र कार्य वातावरणमा सुधार गर्ने, कार्यस्थलमा व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी जोखिम न्यूनीकरण गर्ने उद्देश्यले राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६ स्वीकृत भई कार्यान्वयनमा रहेको छ । नेपालको श्रम बजारमा उपलब्ध जनशक्तिलाई अन्तर्राष्ट्रिय श्रम बजारको माग अनुरुप ज्ञान र सीप प्रदान गरी दक्ष, क्षमतावान् र प्रतिस्पर्धी श्रमशक्तिको रुपमा विकास गर्दै वैदेशिक रोजगारीमा नेपाली नागरिकको प्रवेशलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले वैदेशिक रोजगार नीति, २०६६ कार्यान्वयनमा रहेको छ। आन्तरिक श्रम प्रशासनलाई व्यवस्थित बनाई सवै किसिमका विभेदको अन्त्य गर्दै असल औधोगिक श्रम सम्बन्ध स्थापित गर्न वोनस ऐन र नियमावली २०३९, ट्रेड युनियन ऐन२०४९ र नियमावली २०५०, वालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ रनियमावली २०६२, श्रम ऐन २०७४ र नियमावली २०७५, कार्यान्वयनमा छन् । संविधानमा मौलिक हकको रुपमा स्थापित श्रमको हक अन्तर्गत रहेको योगदानमा आधारित सामाजिक सुरक्षालाई प्रत्याभूत गर्न

योगदानमा आधारित सामाजिक सुरक्षा ऐन,२०७४ र नियमावली, २०७५ कार्यान्वयनमा रहेका छन् । श्रम, रोजगार तथा योगदानमा आधारित सामाजिक सुरक्षासँग सम्बन्धित माथि उल्लिखित ऐन तथा नियमावली बमोजिम विभिन्न कार्यविधि, मापदण्ड तथा निर्देशकाहरु तर्जुमा भई कार्यान्वयनमा रहेका छन् ।

**१.१.३ हरिनास गाउँपालिकाको रोजगारी क्षेत्रको विद्यमान अवस्था :** हाल सम्म रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार संख्या १४३० बेरोजगार सूचीकरण भएको अवस्था छ । आ.व.२०७९/८० को अन्त्य सम्म झण्डै साना र ठूला गरी ११ वटा उधोगहरु, १ वटा बैक २० सहकारीहरु संस्था संचालनमा रहेका र हाल सम्म १३४ व्यवसायहरु दर्ता भएका, त्यसै गरी कृषि तथा पशुफर्महरु ३५ रहेका प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १८८ जना श्रमिक लाई १०० दिन बराबरको रोजगारी प्रदान गरिएको । जम्मा १३१९१ जनसंख्या मध्य हाल सम्म हरिनास गाउँपालिकाको औपचारिक रोजगारी क्षेत्र भित्र लगभग ६०० मानिस अनौपचारिक रोजगारीका क्षेत्र भित्र झण्डै १५०० मानिस रोजगारीमा आवद्द रहेका छन् ।

**१.१.४ अवसर:**

१.१.४.१ नेपाल एकात्मक राज्य व्यवस्थाबाट संघात्मक शासन व्यवस्थामा रुपान्तरण भएको परिवेशमा उल्लिखित क्षेत्रहरुको विषयमा तीन तहको सरकारबीच संविधान र अन्य प्रचलित कानून बमोजिम जिम्मेवारी र अधिकारको बाँडफाँड भएको छ ।

१.१.४.२ राज्यको शासकीय संरचनामा भएको रुपान्तरण एवं राजनीतिक तथा प्रशासनिक पर्यावरणमा आएको परिवर्तनको पृष्ठभूमिमा श्रम, रोजगार तथा सामाजिक सुरक्षाको क्षेत्रमा अवसर रहेका छन् ।

१.१.४.३ संघ, प्रदेश तथा स्थानीय तहको साझेदारीमा देशभित्र पर्याप्त रोजगारीका अवसरहरु सिर्जना गर्दै वाध्यात्मक रुपमा वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थालाई क्रमशः न्यूनीकरण गर्ने वातावरण सिर्जना भएको,

१.१.४.४ प्रधानमन्त्री रोजगार कार्यक्रम को संचालन सँगै हरेक स्थानीय तहमा रोजगारीको हक कार्यान्वयन गर्न रोजगार सेवा केन्द्रको स्थापना, न्यूनतम पारिश्रमिकको कानूनी व्यवस्था,स्थानीय तह भित्रको श्रमबजारमा भएका सवै किसिमका शोषण र विभेदको अन्त्य गर्दै श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम संचालन, अनौपचारिक क्षेत्रको श्रमलाई क्रमशः औपचारिक क्षेत्रमा रुपान्तरण गर्दै श्रमिकको लगत अद्यावधिक गर्नुका साथै सामाजिक सुरक्षाको हकको प्रत्याभूति गर्न आवधिक योजना र सरकारको नीति तथा कार्यक्रममा विशेष जोड दिएको अवस्था विद्यमान रहेको, विश्व बैंक सहायता अन्तर्गत विशेषगरी १६-४० उमेर समुहका बेरोजगार सुचिकृत बेरोजगार व्याक्ती हरुलाई रोजगारीमा आवद्द गराउन युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना कार्यक्रम २०७७ साल देखि यस पालिकामा संचालन हुदै आएको,

१.१.४.५ देशभित्र उद्यमशीलताको विकास, उत्पादकत्वमा अभिबृद्धि मार्फत नागरिकहरुको जीवन स्तरमा सुधार ल्याउन जोड दिएको,

१.१.४.६ श्रम अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाई दण्ड र पुरस्कारको व्यवस्थालाई प्रभावकारी बनाइएको,

१.१.४.७ अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रमा रुपान्तरण गर्न पहल गरिएको,

१.१.४.८ रोजगार प्रशासनमा सूचना प्रविधिको अधिकतम प्रयोग गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु, १.१.४.९ यस गाँउपालिकामा ठूला तथा साना उधोगधन्दा, कृषि तथा पशु क्षेत्र, शिक्षा क्षेत्र, बैंक तथा वित्तिय संस्था हरु उल्लेखिय मात्रमा रहेकाले रोजगारीको क्षेत्रमा थुप्रै अवसरहरु देख्न सकिन्छ ।

**१.१.५ चुनौती :** आन्तरिक रोजगारीको प्रबर्द्धन गर्न, श्रमको सम्मान, सवै प्रकारका श्रम शोषणको उन्मूलन, अनौपचारिक रोजगारीका क्षेत्रलाई औपचारिकतामा रुपान्तरण गर्न,व्यवसायिक सीप विकास र तालिम सञ्चालन गर्दै जनशक्तिको विकास मार्फत रोजगारी र स्वरोजगारी प्रवद्धर्न गर्न देहाय बमोजिमका चुनौतीहरु सामना गर्नुपर्ने देखिएको छ :

१.१.५.१ श्रमको सम्मान गर्ने संस्कारको विकास गरी रोजगारी तथा स्वरोजगारी अभिवृद्धि गर्नु,

१.१.५.२ उत्पादनशील क्षेत्रमा रोजगारीका अवसर पहिचान र सिर्जना गर्दै रोजगारीको तथ्याङ्कलाई व्यवस्थित गर्ने एकीकृत संयन्त्रको निर्माण गर्नु,

१.१.५.३ श्रमको सम्मान गर्ने संस्कारको विकास गरी स्वदेशमानै रोजगारी तथा स्वरोजगारी अभिवृद्धि गर्नु,कार्यक्रम सञ्चालनमा राष्ट्रिय प्राथमिकतासँग सामञ्जस्यता स्थापित गर्न तिनै तहका सरकार संग प्रभावकारी समन्वय गर्नु,

१.१.५.४ श्रमको उत्पादकत्व वृद्धि मार्फत आर्थिक विकासका सम्भावनाहरूलाई फराकिलो बनाउनु, १.१.५.५ सीपयुक्त श्रम शक्तिको उत्पादन गर्न आवश्यक संस्थागत क्षमताको विकास गर्नु ।

## १.२ सम्बोधन गर्नुपर्ने विषयहरुः

संघियताको आगमन संगै स्थानिय तह भित्र थुप्रै अवसर र चुनौतीको व्यवस्थापन गर्दै आएको प्रयास समेतलाई विश्लेषण गर्दा आन्तरिक रोजगारी लगायत, अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई औपचारिकतामा रुपान्तरण गर्न तथा योगदानमा आधारित सामाजिक सुरक्षाको क्षेत्रमा देहाय बमोजिमका विषय सम्बोधन गर्नुपर्ने देखिएका छन्:

- श्रम बजारको माग अनुसारको सीपयुक्त जनशक्तिको आपूर्तिमा तादम्यता र सीप परीक्षणको व्यवस्था गर्ने,
- सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग तथा दिगोपना सुनिश्चित गर्ने,सेवा प्रवाहमा सुशासन, पारदर्शिता र जवाफदेहीता वहन मार्फत जनमूखी सेवा प्रवाह गर्ने,
- रोजगारीका क्षेत्रमा तीन तहका सरकारहरुवीचको कार्यक्षेत्रमा स्पष्टता बनाईप्रभावकारी समन्वय र सहकार्य गर्ने,
- सामाजिक सुरक्षाको एकीकृत नीति र संरचना तयार गर्ने,
- आकर्षक र प्रतिफलयुक्त योगदानमा आधारित सामाजिक सुरक्षा योजना, यसको दिगोपना र दायरा विस्तार गर्ने ।

## १.३ रणनीतिक योजनाको आवश्यकता तथा औचित्य :

नीतिगत तथा कानूनी व्यवस्थालाई एकीकृत एवं प्रभावकारी रुपमा

कार्यान्वयन गर्दै, विद्यमान समस्याहरुको उजागर र चुनौतीको विश्लेशण गर्दै रोजगारीका क्षेत्रमा समय सापेक्ष रुपान्तरण गर्न र रोजगारी क्षेत्रको दीर्घकालीन सोच सहितको रणनीति तय गर्न आवश्यक देखिएको तथा उत्पादनशील रोजगारीको विकास र उपयोग गर्न यो रणनीतिक योजना तयार गरिएको हो । प्रस्तुत सन्दर्भमा यस रणनीतिक योजनाको आवश्यकता र औचित्य देहाय बमोजिम रहेको छ ।

१.३.१ रोजगार सम्वन्धी सेवालाई जवाफदेही, पारदर्शी, सदाचार, जनमूखी, सूचना प्रविधिमैत्री, नतिजा उन्मुख र व्यवसायिक बनाई सुशासन प्रवर्द्धन गर्न,

१.३.२ उद्यमशीलताको विकास र आन्तरिक रोजगारीको प्रबर्द्धन गर्न,

१.३.३ रोजगारीका अवसरहरुको पहिचान गरी रोजगार क्षेत्र प्रबर्द्धन गर्न,

१.३.४ रोजगार सेवा केन्दलाई विस्तार गरी एकिकृत रोजगार सेवा सञ्चालन गर्न,

१.३.५ आन्तरिक रोजगारलाई प्रवर्द्धन गर्दै दिगो आर्थिक समृद्धि हासिल गर्न ।

## परिच्छेद- २

## रोजगार रणनीति दीर्घकालीन सोच दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्राथमिकता

२.१ दीर्घकालीन सोच सिपमुलक दक्ष श्रम शक्तिको विकास दिगो र समावेशी रोजगारीको आधार ।

२.२ लक्ष्य सबै खाले श्रम विभेदको अन्त्य गर्दै सिप युक्त व्यवसायिक जनशक्तिको विकास मार्फत रोजगारी र स्वरोजगारी प्रवद्धर्न गर्ने ।

**२.३ उद्देश्य**

२.३.१ रोजगारीको हकलाई कार्यान्वयन गर्ने तथा आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने,

२.३.२ अनौपचारिक रोजगारीका क्षेत्रलाई औपचारिकतामा रुपान्तरण गर्ने,

२.३.३ गाउँपालिका भित्रका रोजगारदाताहरु संग समन्वय गरी रोजगारदाताबाट माग भए बमोजिम सुचिकृत बेरोजगार व्यक्तिलाई रोजगारीका लागि काममा जान सुचित गर्ने,

२.३.४ स्थानीय तहभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गर्ने ।

## २.४ प्राथमिकता

२.४.१ रोजगारीको हकलाई कार्यान्वयन गर्ने,

२.४.२ श्रमको सम्मान, सवै प्रकारका श्रम शोषणको उन्मूलन,

२.४.३ आन्तरिक रोजगारीको प्रवर्द्धन गर्ने,

२.४.४ श्रमिक लाई व्यवसायिक सीप र तालिमको व्यवस्था गर्ने,

२.४.५ रोजगारीका क्षेत्रलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने,

२.४.६ अनौपचारिक रोजगारीका क्षेत्रलाई औपचारिकतामा रुपान्तरण गर्ने ।

## २.५ मूल्य

रणनीतिक योजनाले राखेको दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्यहरु हाँसिल गर्नको लागि देहायका मूल्यहरुलाई आत्मसात गरिनेछ ।

- पारदर्शिता
- व्यवसायिकता
- सकारात्मक सोच
- सिर्जनशीलता
- निष्पक्षता
- सहभागिता
- सदाचारिता तथा निष्ठा
- उत्तरदायित्व तथा जवाफदेहीता
- समन्वय, सहकार्य र सहअस्तित्व ।

# परिच्छेद- ३

रणनीतिक स्तम्भ, रणनीति तथा कार्यनीति रणनीतिक योजनाको सोच लक्ष्य र उदेश्य प्राप्तिका लागि निम्न अनुसारका रणनीतिक स्तम्भ पहिचान गरिएको छ । रणनीतिक योजनाको प्रभावकारी कार्यन्वयनको लागि प्रत्येकरणनीतिक स्तम्भ अन्तर्गत रणनीति र कार्यनीतिहरु तय गरिएको छ ।

## ३.१ रणनीतिक स्तम्भ

स्तम्भ- १: आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने,

स्तम्भ- २: श्रमको सम्मान, सवै प्रकारका श्रम शोषणको उन्मूलन,

स्तम्भ- ३ अनौपचारिक रोजगारीका क्षेत्रलाई औपचारिकतामा रुपान्तरण गर्ने,

स्तम्भ- ४: व्यवसायिक सीप विकास र तालिम ।

## ३.२ रणनीति तथा कार्यनीति

**रणनीतिक स्तम्भ नं १ आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ न्यूनतम् रोजगारीको प्रत्याभुति गर्ने । | १.१.१ न्यूनतम् रोजगारी सहित प्रधानमन्त्री रोजगार कार्यक्रमलाइ प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । |
| | १.१.२ सार्वजनिक निर्माणका कार्यहरु लगायत गाउँपालिका स्तरिय योजनाहरुमा |
| १.२ रोजगारीको प्रवद्धर्न तथा विस्तार गर्ने । | १.२.१ रोजगारीका अवसर एव सम्भावनाको पहिचान गर्न सरोकारवालाहरुसँग सम्वाद र समन्वय गरिनेछ । |
| | १.२.२ रोजगार सेवा केन्द्रबाट एकीकृत रोजगारसेवा तथा सुविधा प्रदान गरिनेछ । |

**रणनीतिक स्तम्भ नं २ सवै प्रकारका श्रमको सम्मान गर्ने**

| रणनीति | कार्यनीति |
|---|---|
| २ .१ श्रम अभ्यासलाई मर्यादित बनाउँने । | २.१.१ श्रम तथा श्रमिक प्रतिको धारणामा व्यवहारिक परिवर्तन गरिनेछ |

**रणनीतिक स्तम्भ नं ३ अनौपचारीक रोजगारीका क्षेत्रलाइ औपचारीकतामा रुपान्तरण गर्ने**

| रणनीति | कार्यनीति |
|---|---|
| ३ .१ अनौपचारिक श्रमलाई क्रमशः औपचारिकरण गर्ने । | ३.१.१ अनौपचारिक क्षेत्रको प्रकृति र कार्यक्षेत्र अनुसार सूचीकरण गरिने छ । |
| | ३.१.२ सुचिकृत बेरोजगारहरु अन्तर्गतका श्रमिक हरुलाई लाभग्राही परिचय पत्र वितरण गरिने छ । |
| | ३.१.३ अनौपचारिकताको व्यवस्थापन गर्न राष्ट्रिय कार्ययोजना बनाईकार्यान्वयन गरिनेछ । |

**रणनीतिक स्तम्भ नं ४ अनौपचारीक रोजगारीका क्षेत्रलाइ औपचारीकतामा रुपान्तरण गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ४.१ व्यावसायिक तथा सीपमुलक तालीम सञ्चालन गर्ने । | ४.१.१ कार्यस्थलमै सिपमुलक तालिम सञ्चालन गरि रोजगारी सँग आवद्द गरिनेछ । |
| | ४.१.२ रोजगारमुलक व्यवसायिक सिप तालिम सम्बन्धी पुर्वाधार विकास तथा संस्थागत सुदृढिकरण । |

## ४.२ समन्वय तथा सहकार्य

रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गर्नका हरिनासगाउँपालिका भित्रका आर्थिक प्रशासन शाखा, आर्थिक विकास शाखा,सामाजिक विकास शाखा, योजना शाखा, सहकारी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, विकास साझेदार, शैक्षिक संस्थाहरु लगायत आम सरोकारवाला व्यक्ति तथा निकायसँग समन्वय तथा सहकार्य गरिनेछ ।

## ४.३ स्रोत व्यवस्थापन

गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम र बजेट तर्जुमा गर्दा रणनीतिक योजनामा आधारित भई तर्जुमा गरिनेछ। रणनीतिक योजनाको कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोतसाधन वार्षिक वजेट तथा कार्यक्रम मार्फत नियमितरुपमा प्रस्ताव गरिनेछ । आवश्यकता अनुसार संघीय सरकार बाट प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्न प्राप्त अनुदान सँगै गाउँपालिका सँग श्रोत व्यवस्थापनको लागि सहकार्य गरिने छ ।

**रणनीतिक योजनाकोस्तम्भ अनुसार अनुमानित स्रोत देहाय बमोजिम प्रक्षेपण गरिएको छ ।**

| रणनीति स्तम्भ | आ.व | | | | | |
|---|---|---|---|---|---|---|
| रणनीति स्तम्भ १ आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने | ८१।८२ | ८२।८३ | ८३।८४ | ८४।८५ | ८५।८६ | कूल वजेट |
| | | | | | | |
| रणनीति स्तम्भ २ | ३ | ३ | २ | १ | १ | १० |
| रणनीति स्तम्भ ३ | ५ | ५ | ५ | ५ | ५ | २५ |
| रणनीति स्तम्भ ४ | १० | १० | १५ | १५ | १० | ६० |

## ४.४ अनुगमन तथा मूल्याङ्कनः

यो रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन मार्फत लक्षित उद्देश्य हाँसिल गर्न देहाय बमोजिमको अनुगमन तथा मूल्याङ्कन विधि अवलम्वन गरिनेछ ।

(क) अनुगमन तथा मूल्याङ्कन संयन्त्रको स्थापना

रणनीतिक योजना कार्यान्वयनको निरन्तर अनुगमनका लागि गाउँपालिकामा गाउँपालिकाको अध्यक्षको संयोजकत्वमा एक अनुगमन

समितिको गठन गरिनेछ । अनुगमन समितिले नियमित रुपमा अनुगमन गरी कार्यान्वयन प्रगति, विधि, देखिएका समस्या तथा समाधानका उपाय सम्बन्धमा गाउँपालिकालाई सामयिक रुपमा पृष्ठपोषण दिनेछ । अनुगमन समितिको सचिवालयको रुपमा गाउँपालिकाको अध्यक्षको संयोजकत्वमा योजना, अनुगमन तथा मूल्याङ्कन शाखाले काम गर्नेछ ।

(ख) आवधिक समीक्षा

रणनीतिक योजनामा समावेश भएका क्रियाकलापहरुको प्रगति सम्बन्धमा वार्षिक रुपमा समीक्षा गरिनेछ । अनुगमन समितले दिइएको प्रतिवेदन र पृष्ठपोषण सम्बन्धमा छलफल तथा समीक्षा गरी आवश्यकता अनुसार सुधारात्मक उपायहरु अवलम्वन गरिनेछ। वार्षिक समीक्षा आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र गरिने छ ।

(ग) मध्यावधि मूल्याङ्कन

रणनीतिक योजना कार्यान्वयन भएको मितिले अढाई वर्ष पछि योजनाको मध्यावधि मूल्याङ्कन गरिनेछ । मध्यावधि मूल्याङ्कन गर्दा उक्त अवधिसम्म अपेक्षित लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलापहरुमा हाँसिल भएको उपलब्धि, कार्य सञ्चालनको क्रममा देखिएका समस्या तथा चुनौतीहरुको वारेमा वस्तुगत विश्लेषण गरिनेछ । मूल्याङ्कन अवधिमा भएका कानूनी तथा नीतिगत परिवर्तन, सार्वजनिक प्रशासनको क्षेत्रमा आएको परिवर्तन साथै उपलब्ध श्रोत र साधन समेतको आधारमा समीक्षा गरी आवश्यकता अनुसार निर्धारित क्रियाकलाप तथा श्रोत व्यवस्थापनलाई परिमार्जन गर्न सकिनेछ ।

(घ) अन्तिम मूल्याङ्कन

रणनीतिक योजना कार्यान्वयनको अन्तिम वर्ष अर्थात पाँचौ वर्षमा रणनीतिक योजनाकोअन्तिम मूल्याङ्कन र आगामी रणनीतिक योजनाको पुर्वतयारी गरिनेछ। पाँचौं वर्षको पहिलो छ महिना व्यतित भएपछि योजनाको अन्तिम मूल्याङ्कन प्रारम्भ गरिनेछ । रणनीतिक योजनाको अन्तिम मूल्याङ्कन प्रतिवेदन तयार गरी प्रकाशन गरिनेछ । मूल्याङ्कनबाट प्राप्त अनुभव तथा पृष्ठपोषणलाई आगामी दिनमा तर्जुमा हुने रणनीतिक योजना निर्माणमा उपयोग गरिने छ ।

## ४.५ सम्भाव्य जोखिमको पहिचानः

रणनीतिक योजना कार्यान्वयनको क्रममा आउन सक्ने जोखिमहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ । योजना कार्यान्वयन कार्ययोजनामा पहिचान गरिएका जोखिमहरुका संकेत मात्र उल्लेख गरिएको छ ।

क) स्रोतको व्यवस्थापन,

ख) स्थानी उपभोक्ता समिति तथा व्यवसायी संग समन्वय र सहकार्य ।

अनुसुची १ रोजगार रणनीति हरिनास गाउँपालिकाको प्रधानमन्त्री रोजगार कार्यक्रमको ५ वर्षे रणनीतिक योजनाको कार्यान्वयन कार्ययोजनाः

रणनीतिक स्तम्भ न ं.१ आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने,

रणनीति १.१.न्युनतम रोजगारीको प्रत्याभुती गर्ने,

कार्यनीति १.१.१ न्युनतम रोजगारीको प्रत्याभुती सहित प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिने छ ।

| क्र.सं. | कियाकलाप | जिम्मेवार शाखा | सहयोगी शाखा | समयावधि | कार्य सम्पादन सूचक | जोखिम |
|---|---|---|---|---|---|---|
| १.१.१.१ | न्युनतम रोजगारीका प्रत्याभुतीका लागि सुचिकृत बेरोजगार व्यक्तिलाई १०० दिन बराबरको रोजगारी प्रदान गर्ने । | रोजगार सेवा केन्द्र | योजना तथा प्रशासन शाखा | निरन्तर | रोजगार सेवा केन्द्रबाट सुचिकृत बेरोजगार हरुले रोजगार प्राप्त गरेको हुने | क |
| १.१.१.२ | रोजगार सेवा केन्द्रलाई स्तरोन्नति गरि रोजगार सेवा केन्द्रबाट एकिकृत रोजगार सेवा प्रदान गन | रोजगार सेवा केन्द्र | सरोकारवाला | निरन्तर | रोजगार सेवा केन्द्रबाट श्रमिक हरुले एकिकृत रोजगार सेवा प्राप्त गरेको हुने । | ख |
| १.१.१.३ | न्युनतम रोजगारीका प्रत्याभुतीका लागि उत्पादनशिल रोजगारीमा आवद्द गर्ने । | रोजगार सेवा केन्द्र | सरोकारवाला | निरन्तर | न्युनतम रोजगारीमा आवद्द भएका श्रमिक हरु श्रम बजारमा आवद्द हुने । | क |

**कार्यनीति १.१.२ सार्वजनिक निर्माणका कार्यहरु लगायत गापा स्तरीय योजना हरुमा सुचिकृत बेरोजगार हरुलाई परिचालन गरिनेछ ।**

| क्र.सं. | कियाकलाप | जिम्मेवार शाखा | सहयोगी शाखा | समयावधि | कार्य सम्पादन सूचक | जोखिम |
|---|---|---|---|---|---|---|
| १.१.१.१ | | रोजगार सेवा केन्द्र | योजना तथा प्रशासन शाखा | निरन्तर | रोजगार सेवा केन्द्रबाट सुचिकृत बेरोजगार हरुले रोजगार प्राप्त गरेको हुने | क |
| १.१.१.२ | | रोजगार सेवा केन्द्र | सरोकारवाला | निरन्तर | रोजगार सेवा केन्द्रबाट श्रमिक हरुले एकिकृत रोजगार सेवा प्राप्त गरेको हुने । | ख |
| १.१.१.३ | | रोजगार सेवा केन्द्र | सरोकारवाला | निरन्तर | न्युनतम रोजगारीमा आवद्द भएका श्रमिक हरु श्रम बजारमा आवद्द हुने । | क |

रणनीतिक स्तम्भ नं.१ आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने ।

रणनीति १.२ रोजगारीको प्रबर्द्धन तथा विस्तार गर्ने ।

कार्यनीति १.२.१ रोजगारीका अवसर एव सम्भावनाको पहिचान गर्न सरोकारवालाहरुसँग सम्वाद र समन्वय गरिनेछ ।

| क्र.सं. | कियाकलाप | जिम्मेवार शाखा | सहयोगी शाखा | समयावधि | कार्य सम्पादन सूचक | जोखिम |
|---|---|---|---|---|---|---|
| १.१.१.१ | रोजगार संवाद मञ्च गठन तथा संचालन | रोजगार सेवा केन्द्र | योजना तथा प्रशासन शाखा | निरन्तर | रोजगार सेवा केन्द्रबाट सुचिकृत बेरोजगार हरुले रोजगार प्राप्त गरेको हुने | क |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.१.१.२ | रोजगारी स | रोजगार सेवा केन्द्र | सरोकारवाला | निरन्तर | रोजगार सेवा केन्द्रबाट श्रमिक हरुले एकिकृत रोजगार सेवा प्राप्त गरेको हुने । | ख |
| १.१.१.३ | | रोजगार सेवा केन्द्र | सरोकारवाला | निरन्तर | न्युनतम रोजगारीमा आवद्द भएका श्रमिक हरु श्रम बजारमा आवद्द हुने । | क |

कार्यनीति १.२.२ रोजगार सेवा केन्द्रवाट एकीकृत रोजगार सेवा तथा सुविधा प्रदान गरिनेछ

| क्र.सं. | कियाकलाप | जिम्मेवार शाखा | सहयोगी शाखा | समयावधि | कार्य सम्पादन सूचक | जोखिम |
|---|---|---|---|---|---|---|
| १.१.१.१ | रोजगार संवाद मञ्च गठन तथा संचालन | रोजगार सेवा केन्द्र | योजना तथा प्रशासन शाखा | निरन्तर | रोजगारीका अवशर हरुको पहिचान गरिएको हुने | क |
| १.१.१.२ | रोजगारी र्सजना र नीति निर्माणमा सरोकारवालावाट राय संकलन गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | निरन्तर | रोजगार संवाद मञ्च संचालन भएको हुने | ख |
| १.१.१.३ | रोजगार रणनीति तर्जुमा गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | निरन्तर | रोजगार रणनीति कार्यान्वयन भएको हुने । | क |
| १.१.१.४ | रोजगारमुलक सेवाको अभिलेख राख्ने | रोजगार सेवा केन्द | सरोकारवाला | | रोजगारमुलक सीप विकासको अभिलेख राखिएको हुने | |
| १.१.१.४ | नमुना रोजगार सेवा केन्द्र | रोजगार सेवा केन्द | सरोकारवाला | | श्रम स्वीकृति र पुन स्वीकृति र पुन स्वीकृत तथा PASSPORT PRE enrollment form भर्न सहजिकरण गरेको हुने । न्यूनतम रोजगारीको लागि सूचीकृत वेरोजगारलाइ प्राथमिकता दिएको हुने | |

स्तम्भ २ सवै प्रकारका श्रमको सम्मान गर्ने ।

रणनीति २ .१ श्रम अभ्यासलाइ मर्यादित वनाउने ।

कार्यनीति २.१.१ श्रम तथा श्रमिक प्रतिको व्यवहारिक धारणामा परिवर्तन

| क्र.सं. | कियाकलाप | जिम्मेवार शाखा | सहयोगी शाखा | समयावधि | कार्य सम्पादन सूचक | जोखिम |
|---|---|---|---|---|---|---|
| २.१.१.१ | श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम संचालन | रोजगार सेवा केन्द्र | सरोकारवाला | निरन्तर | श्रम तथा श्रमिक प्रतिको व्यवहारिक धारणामासकारात्मक परिवर्तन आएको हुने | क |

स्तम्भ- ३ अनौपचारिक रोजगारीका क्षेत्रलाई औपचारिकतामा रुपान्तरण गर्ने, कार्यनीति ३.१.१अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई क्रमशः औपचारिक क्षेत्रमा रूपान्तरण गरिनेछ ।

| क्र.सं. | कियाकलाप | जिम्मेवार शाखा | सहयोगी शाखा | समयावधि | कार्य सम्पादन सूचक | जोखिम |
|---|---|---|---|---|---|---|
| ३.१.१.१ | अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई क्रमशः औपचारिक क्षेत्रमा रूपान्तरण गर्न कार्य योजनाको निर्माण गन | रोजगार सेवा केन्द्र | योजना तथा प्रशासन शाखा | निरन्तर | कार्य योजनाको निर्माण भएको हुने । | क |
| ३.१.१.२ | अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई क्रमशः औपचारिक क्षेत्रमारूपान्तरण गर्न रोजगारीको क्षेत्रको पहिचान गन | रोजगार सेवा केन्द्र | सरोकारवाला | निरन्तर | क्षेत्रको पहिचान र सूचीकृत भएको हुने | ख |
| ३.१.१.३ | अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई क्रमशः औपचारिक क्षेत्रमा रूपान्तरण गर्न प्रबर्धनात्मक कार्यक्रम संचालन गन | रोजगार सेवा केन्द्र | सरोकारवाला | निरन्तर | प्रवद्धनात्मक कार्यक्रम संचालन भएको हुने । | क |
| ३.१.१.४ | सुचिकृत बेरोजगारलाई लाभग्राही परिचय पत्र वितरण गर्ने। | रोजगार सेवा केन्द | सरोकारवाला | | सूचीकृत वेरोजगार हरुले लाभग्राही परिचय पत्र प्राप्त गरेको हुने | |

स्तम्भ- ४: व्यवसायिक सीप विकास र तालिम रणनीति

४.१ व्यावसायिक तथा सीपमुलक तालीम संचालनगर्ने कार्यनीति

४.१.१ कार्यस्थलमै सिपमुलक तालिम संचालन गरि रोजगारी संग आवद्ध गरिनेछ ।

| क्र.सं. | कियाकलाप | जिम्मेवार शाखा | सहयोगी शाखा | समयावधि | कार्य सम्पादन सूचक | जोखिम |
|---|---|---|---|---|---|---|
| ४.१.१.१ | श्रमिकको सीप र क्षमता विकास गरि रोजगारीमा पदस्थापना गर्न समन्वय गर्ने । | रोजगार सेवा केन्द्र | योजना तथा प्रशासन शाखा | निरन्तर | प्रभावकारी समन्वय भएको हुने । | क |
| ४.१.१.२ | सरकारी सेवा प्रवेशका लागि तयारी कक्षा संञ्चालन | रोजगार सेवा केन्द्र | सरोकारवाला | निरन्तर | सरकारी सेवा प्रवेश तयारी कक्षा संचालन भएको हुने | ख |
| ४.१.१.३ | शिक्षमा सीप कार्यकम | रोजगार सेवा केन्द्र | शिक्षा यूवा तथा खेलकुद शाखा | निरन्तर | पढाइ सँगै विद्यार्थीले प्राविधिक सीप हासिल गरेको हुने ( विशेष गरी माध्यामिक तहमा अध्ययन रत विद्यार्थीहरु | क |

**४.१.२ रोजगारमुलक व्यवशायिक सीप तालिम सम्वन्धी पूर्वाधार विकास तथा संस्थागत सुदृढीकरण**

| क्र.सं. | कियाकलाप | जिम्मेवार शाखा | सहयोगी शाखा | समयावधि | कार्य सम्पादन सूचक | जोखिम |
|---|---|---|---|---|---|---|
| ४.१.१.१ | व्यवशायिक सीप तालिम सम्वन्धी कानुन तर्जुमा गर्ने | गाउँपालिका | रोजगार सेवा केन्द्र सरोकारवाला | तेस्रो वर्ष | कानुन निर्माण भएको हुने | क |
| ४.१.१.२ | रोजगारमुलक व्यवशायिक सीप मुलक तालिमको पाठ्यकम विकास गर्ने | गाउँपालिका | रोजगार सेवा केन्द्र सरोकारवाला | चौथो वर्ष | पाठयकम विकास भएको हुने | ख |
| ४.१.१.३ | सीपमुलक तालिमको सीप परिक्षण गर्ने | गाउँपालिका | रोजगार सेवा केन्द्र कसरोकारवाला | पाचौ वर्ष | सीपमुलक तालिमको परिक्षण भएको हुने | क |

# अनुसूची २
## गाउँपालिकाको रोजगार रणनीति नतिजा खाका

| क्र. सं. | नतिजा सूचक | एकाइ | आधार तथ्यांक आधार तथ्यांक आ.व. २०८१।२०८२ | लक्ष्य (आ.व अनुसार | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/८६ |
| १ | रोजगारी सृजना सार्वजनिक निजी | जना | ४५८ | ६०० | १००० | १२०० | १५०० | १८०० |
| २ | रोजगारीमा औपचारीक क्षेत्रको हित्सा | प्रतिशत | ३३ | ३५ | ३७ | ४० | ४३ | ४५ |
| ३ | व्यवशायिक सीपमुलक तालिम लिनेको संख्या | संख्या | १५० | २०० | २२५ | २५० | २७५ | २८० |
| ४ | न्यूनतम् पारिश्रमिक पालना हित्सा | निरिक्षण संख्या | ६०० | ८०० | १००० | १२०० | १४०० | १६०० |

# अनुसूची ३
## हरिनास गाउँपालिकामा यस अवधि २०८१।२०८२ देखि २०८५।२०८६ मा संचालन हुने वडागत योजनाहरु

**वडा नं १ का प्रधानमन्त्री रोजगार कार्यक्रमका योजनाहरु**

| क्र.सं. | आर्थिक वर्ष | योजनाको नाम |
|---|---|---|
| १ | २०८१।२०८२ | |
| २ | २०८२।२०८३ | वडा कार्यालय आँगन ढलान |
| ३ | २०८३।२०८४ | सत्यदेवी मन्दिर जाने गोरेटो वाटो निर्माण |
| ४ | २०८४।२०८५ | घरेडी चुइकुना गोरेटो बाटो निर्माण |
| ५ | २०८५।२०८६ | खालीगाउँ हटिया गोरेटो वाटो निर्माण |

**वडा नं २ का प्रधानमन्त्री रोजगार कार्यक्रमका योजनाहरु**

| क्र.सं. | आर्थिक वर्ष | योजनाको नाम |
|---|---|---|
| १ | २०८१।२०८२ | १.गुर्जा चौतारा निर्माण |
| २ | २०८२।२०८३ | २. माथिल्लो प्यार्सिङ्ग ठाडो बाटो निर्माण |
| ३ | २०८३।२०८४ | १.बर्खुम टारा गोरेटो बाटो |
| ४ | २०८४।२०८५ | २. गैरीस्वारा मन्दिर जाने गोरेटो बाटो |
| ५ | २०८५।२०८६ | १.जिम्वाल कुवा चिसापनी गोरेटो बाटो |

**वडा नं ३ का प्रधानमन्त्री रोजगार कार्यक्रमका योजनाहरु**

| क्र.सं. | आर्थिक वर्ष | योजनाको नाम |
|---|---|---|
| १ | २०८१।२०८२ | १.वेशिघर चिसापानी गोरेटो बाटो |
| २ | २०८२।२०८३ | २.चुइकुना थानापती सडक |
| ३ | २०८३।२०८४ | १.पिपलस्वरा चन्द्रज्योति गोरेटो वाटो पिपलडाँडालेख २.चनौटे गोरेटो बाटो |
| ४ | २०८४।२०८५ | १.बलाम्दी अर्चले गोरेटो बाटो |
| ५ | २०८५।२०८६ | २.शिवपधेरो साँझ गोरेटो बाटो |

**वडा नं ४ का प्रधानमन्त्री रोजगार कार्यक्रमका योजनाहरु**

| क्र.सं. | आर्थिक वर्ष | योजनाको नाम |
|---|---|---|
| १ | २०८१।२०८२ | १.थाडाबारी गोरेटोबाटो<br>२ .बाहुन्डी पढेरो गोरेटो बाटो<br>३.गैरीठर देखि आमा समुह भवन सम्म चित्रे |
| २ | २०८२।२०८३ | १ .धलेको समी देखि सानी स्वारा गोरेटो बाटो<br>२. मालग्री पढेरो जाने गोरेटो वाटो<br>३.गाउँसरा देखि बाराथान गोरेटो |
| ३ | २०८३।२०८४ | १ .करङ्ग स्वरा गोरेटो बाटो<br>२. पिपलडाँडा देखि बगर पढेरो ग्वादी दारेगौडा |
| ४ | २०८४।२०८५ | १.इनार पानी पढेरो जाने गोरेटो बाटो<br>२.राम्चे ठुलो बन गोरेटो<br>३.गृहकोट हटिया गोरेटो |
| ५ | २०८५।२०८६ | १.झिरुबास गोरटोबाटो<br>२.सिरौले गोरेटो बाटो<br>३. खुमबारफ गोरेटो बाटो |

**वडा नं ५ का प्रधानमन्त्री रोजगार कार्यक्रमका योजनाहरु**

| क्र.सं. | आर्थिक वर्ष | योजनाको नाम |
|---|---|---|
| १ | २०८१।२०८२ | बिर्ताबगर आरनथान गोरेटो वाटो |
| २ | २०८२।२०८३ | थुम्की धैरेनी गोरेटो वाटो |
| ३ | २०८३।२०८४ | गान्ते तल्लो कमन्ते गोरेटो वाटो |
| ४ | २०८४।२०८५ | ठाडो आँप टापु गोरेटो वाटो |
| ५ | २०८५।२०८६ | तल्लो केवा भुरुङ्गसिङ्ग गोरेटो वाटो |

**वडा नं ६ का प्रधानमन्त्री रोजगार कार्यक्रमका योजनाहरु**

| क्र.सं. | आर्थिक वर्ष | योजनाको नाम |
|---|---|---|
| १ | २०८१।२०८२ | जगन्नाथ आँपस्वारा गोरेटो बाटो |
| २ | २०८२।२०८३ | पोखरीछाप पुच्छरघर डाँडा गोरेटो बाटो |
| ३ | २०८३।२०८४ | डुइनडाँडा सिउडिखोर गोरेटोबाटो |
| ४ | २०८४।२०८५ | डाँडाखानी भैसिगौडा गोरेटो बाटो |
| ५ | २०८५।२०८६ | पुर्कोट पर्यटन गोरेटो बाटो |

**वडा नं ७ का प्रधानमन्त्री रोजगार कार्यक्रमका योजनाहरु**

| क्र.सं. | आर्थिक वर्ष | योजनाको नाम |
|---|---|---|
| १ | २०८१।२०८२ | साविक ३ नं वडाको गोरेटो बाटो र मोटरबाटो नाला मर्मत |
| २ | २०८२।२०८३ | साविक ६ नं वडाको गोरेटो बाटो र मोटरबाटो नाला मर्मत |
| ३ | २०८३।२०८४ | साविक चित्रे १ वडाको गोरेटो बाटो र मोटरवाटो |
| ४ | २०८४।२०८५ | साविक ५ वडाको गोरेटो बाटो र मोटर बाटो मर्मत |
| ५ | २०८५।२०८६ | साविक ४ नं वडाको गोरेटो बाटो र मोटर बाटो नाला मर्मत |

आज्ञाले,

**रामप्रसाद शर्मा**

प्रमुख प्रशासकीय अधिकृत